अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/१५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	हरिओम प्रसाद जयसवाल मुद्दा नं.०७९-CR-०१३७ फैसला मितिः २०८०।११।१४	देवापुर पोखरी ठेक्कामा हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको	**आयोगको माग दावी** • **प्रतिवादीहरु सिम्रौनगढ नगरपालिका नगर कार्यपालिकाको कार्यालयका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विश्वराज मरासेनी र सोही नगरपालिकाका लेखा अधिकृत सर्मेन्द्र प्रसाद चौधरीको हकमाः** प्रतिवादीहरु विश्वराज मरासेनी र सर्मेन्द्र प्रसाद चौधरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा रु.९,२२,५००।- (अक्षरुपी नौ लाख बाइस हजार पाँच सय रुपैया) बिगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय खण्ड (ङ) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी ऐ. ऐनको दफा १७ बमोजिम हानिनोक्सानी गरेको रु.९,२२,५००।–(अक्षरेपि नौ लाख बाइस हजार पाँच सय रुपैया) रकम निजहरुबाट असुल उपर हुन मागदाबी लिइएको। • **प्रतिवादी सिम्रौनगढ नगरपालिका नगर कार्यपालिकाको कार्यालयका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत हरिओम प्रसाद जयसवालको हकमाः** प्रतिवादी हरिओम प्रसाद जयसवाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क) बमोजिमको कसुरमा निजलाई रु.९,९५,०००।- (अक्षरुपी नौ लाख पन्चानब्बे हजार रुपैया) बिगो कायम गरी सोही ऐनको दफा ७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय खण्ड (ङ) बमोजिम कैद सजाय गरी ऐ. ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्व रकम रु.९,९५,०००।-(अक्षरेपी नौ लाख पन्चानब्बे हजार रुपैया) को दोब्बर जरिवाना हुन समेतको मागदाबी लिइएको **अदालतको फैसला** • प्रतिवादीहरु विश्वराज मरासेनी र सर्मेन्द्र प्रसाद चौधरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही ऐनको दफा ३(१)(घ) बमोजिम जनही ६ महिना कैद र जनही बिगो बमोजिम रु.४,६१,२५० जरिवाना हुने तथा अर्का प्रतिवादी हरिओम प्रसाद जयसवालले	• सार्वजनिक खरिद ऐन तथा अन्य प्रचलित कानुन बमोजिम ठेक्का सम्झौता नगरेको अवस्थामा जमानत फिर्ता दिन मिल्ने कानुनी व्यवस्था नरहेको । • प्रतिवादी हरिओम प्रसाद जयसवाल देवापुर माछापोखरी ठेक्काको समयमा सिम्रौनगढ न.पा.मा कार्यरत भएको नदेखिएको ।	• प्रस्तुत मुद्दाका प्रतिवादीहरु विश्वराज मरासेनी र सर्मेन्द्र प्रसाद चौधरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा रु.९,२२,५००।— बिगो कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१)(ङ) बमोजिम कैद र बिगोबमोजिम जरिवाना तथा बिगो रकम असुल उपर हुन अभियोग मागदाबी रहेकोमा निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(घ) बमोजिम जनही ६ महिना कैद र जनही बिगो बमोजिम रु.४,६१,२५० जरिवाना हुने गरी भएको फैसला मनासिब नै देखिँदा निज प्रतिवादीहरुका हकमा पुनरावेदन नगरिएको । प्रस्तुत मुद्दाका प्रतिवादी हरिओम प्रसाद जयसवाललाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा देहायका जिकिर लिई पुनरावेदन गरिएकोः • सार्वजनिक खरिद प्रक्रियामा धरौटी रकम फिर्ताको विषयमा महत्त्वपूर्ण हुन्छ । सार्वजनिक खरिद प्रक्रियामा सहभागी बोलपत्रदाताको विश्वसनीयता र सार्वजनिक निकायको खरिदको सुनिश्चितता समेतलाई ख्याल गरी त्यस्ता बोलपत्रदाताबाट धरौटी रकम माग गरिने कानुनी व्यवस्था छ ।सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ ले बोलपत्रदाताको स्वीकृति र निजसँगको सम्झौता सम्बन्धमा कानुनले स्पष्ट व्यवस्था गरेको छ । त्यस्तै रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को दफा ६ को उपदफा (२) मा दफा १३ वा अन्य प्रचलित नेपाल कानुन बमोजिम डिपोजिट जफत हुने अवस्था बाहेक उपदफा (१) बमोजिम राखिएको डिपोजिट, सो डिपोजिट राख्ने व्यक्तिले दिएको टेन्डर वा बोलेको डाक अस्वीकृत भएको मितिले तीस दिनभित्र निजलाई फिर्ता दिनुपर्छ भन्ने कानुनी व्यवस्था समेतका विपरीत मिति २०७६।०३।१३ को सूचनाबाट ठेक्का सम्झौता नभएको सन्दर्भलाई अनदेखा गरी निज प्रतिवादी हरिओम जयसवालले बिना प्रक्रिया २०७८।०१।२४ गते पुनः देवापुर पोखरी ठेक्काको सूचना प्रकाशन गरी सोनु मत्स्य फर्मको ठेक्का सदर गरेको स्पष्ट हुँदा हुँदै निज प्रतिवादी हरिओम प्रसाद जयसवाललाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ । • प्रतिवादी हरिओम प्रसाद जयसवालले मिति २०७६।०३।१३ को देवापुर पोखरी ठेक्काको प्रारम्भिक ठेक्का सम्झौतामा कुनै निर्णय नगरे तापनि निजले बिना आधार तथा प्रक्रिया विपरीत मिति २०७८।०१।२४ गते पुनः देवापुर पोखरी ठेक्काको सूचना प्रकाशन गरेको देखिँदा निज प्रतिवादीको कसुरमा संलग्नता स्पष्ट नै छ । त्यसैगरी सो देवापुर पोखरी ठेक्काको लागि पुनः सूचना प्रकाशन गर्दा मिति २०७६।०३।१३ को सूचनाबाट न्यूनतम कबोल अङ्क शुरुको ठेक्काको रु. ४०,००,०००।- (अक्षरुपी चालिस लाख रुपैया) कायम गरिएकोमा सो न्यूनतम कबोल अङ्कको रकम रु. ४०,००,०००।- (अक्षरुपी चालिस लाख रुपैया) लाई के कुन आधार तथा कारणबाट आफूखुसी घटाई अर्का निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्र प्र. साह कार्यरत रहेको अवस्थामा रु.३०,००,०००।–(अक्षरुपी तीस लाख रुपैया) न्यूनतम कबोल अङ्क कायम गरिएको र प्रतिवादी हरिओम प्रसाद जयसवालले उक्त निर्णय उपर संवेदनशील हुनुपर्ने अवस्था गलत निर्णयलाई निरन्तरता दिएको देखिँदा देखिँदै ठेक्काको न्यूनतम अंक घटाई सूचना प्रकाशित गरी रू.३०,०५,०००।–(अक्षरेपि तीस लाख पाँच हजार रुपैँया) मा सोनु मत्स्य फर्मको ठेक्का सदर गरी सिम्रौनगढ नगरपालिकाको रु.९,९५,०००।-(अक्षरेपि नौ लाख पन्चानब्बे हजार रुपैयाँ) राजस्व चुहावट गर्ने कार्य

			आरोपदाबीबाट सफाई पाउने ठहर भई फैसला भएको		गरेको पुष्टि भएको अवस्थामा देवापुर माछापोखरी ठेक्काका समयमा निज प्रतिवादी हरिओम प्रसाद जयसवाल आरोप दावीबाट सफाई दिने गरी भएको सम्मानित विशेष अदालतको फैसला त्रुटिपूर्ण भई बदरभागी छ । अतः मिसिल उल्लिखित आधार तथा प्रमाण समेतलाई अनदेखा गरी प्रतिवादी हरिओम प्रसाद जयसवाललाई सफाई दिने गरी सम्मानित विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण हुँदा निज प्रतिवादी हरिओम प्रसाद जयसवाललाई अभियोग मागदावी बमोजिम सजाय हुन सम्मानित अदालत समक्ष अनुरोध छ ।